# सङ्कटासन्नता तथा क्षमता विश्लेषण

## (Vulnerability & Capacity Assessment)

## मिति: २०७५




# माथागढी गाउँपालिका वडा नं.- ८

# पाल्पा

**दस्तावेज** : "सङ्कटासन्नता तथा क्षमता विश्लेषण-२०७५" माथागढी गाउँपालिका वडा नं.-८, पाल्पा
**सर्वाधिकार :** माथागढी गाउँपालिका वडा नं.-८, पाल्पा
**प्रथम प्रकाशन :**...... प्रति
**प्राविधिक सहयोग :** नेपाल क्रियटिभ हाउस

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोग :**

यस सङ्कटासन्नता तथा क्षमता भि.सि.ए. **"माथागढी गाउँपालिका"** तथा माथागढी गाउँपालिका वडा नं.-८, को वडा स्तरीय विपद् जोखिम व्यवास्थापन समितिसँगको सहकार्यमा तयार गरिएको हो ।

# बिषय-सूची

## खण्ड १ : परिचय


**१.पृष्ठभूमी**

१.१. वडाको परिचय र प्रकोपको अवस्था


## खण्ड २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण


**२.१ प्रकोपको पहिचान तथा स्तरीकरण**

**२.२ सङ्कटासन्नता स्तरीकरण**

२.२.१ ऐतिहासिक समय रेखा
२.२.२ प्रकोप, मौसमी, तथा बालीपात्रो
२.२.३ वडाको सङ्कटासन्नता स्तरीकरण

**२.३ प्रकोप विश्लेषण**

२.३.१ सामाजिक स्रोत नक्सा
२.३.२ लक्षित समुह छलफल
२.३.३ जोखिम तथा समस्या विश्लेषण

**२.४ क्षमता विश्लेषण**

२.४.१ स्रोतको उपलब्धता तथा पहूँच
२.४.२ स्थानीय ज्ञान सीप क्षमता र प्रविधीको लेखाङ्कन
२.४.३ वडामा कार्यरत संस्थागत विश्लेषण वा सम्बन्ध चित्र
२.४.४ गतिशिल नक्सा (समुदायमा पहुँच कायम भएका व्यक्तिहरू)

**२.५ जोखिम पहिचान तथा विश्लेषण**

२.५.१. जोखिम व्यवस्थापन क्रियाकलाप पहिचान तथा प्राथमिकीकरण

# खण्ड - १ : परिचय

## १. पृष्ठभूमी

### १.१ माथागढी गाउँपालिका वडा नं.-८, को परिचय

यस माथागढी गाउँपालिका वडा नं.-८, साविकको बहादुरपुर गाविसको वडा नं.- (१-९) का वडाहरु मिलाई बनाइएको हो । यस माथागढी गाउँपालिका वडा नं.-८, को क्षेत्रफल २०.२१ वर्ग कि.मि. रहेको छ भने १६९० जनसँख्या रहेको छ । यस वडाको पुर्वतर्फ निस्दी गाँउपालिका वडा नं.-७ ज्यामिरे, पश्चिमतर्फ माथागढी वडा नं.-७ रहवास, उत्तरतर्फ पुर्वखोला गा.पा. वडा नं. २ जल्पा, दक्षिणतर्फ नवलपरासी धुर्कोट र विनय त्रिवेणी गा.पा. रहेको छ। यस वडामा मगर, कामी, दमाइ, सार्कि, क्षेत्री आदि जातजातिको बसोबास रहेको पाईन्छ।

यस वडाको बहादुरपुर ताकातुङ्ग-किहुँडाँडा, बहादुरपुर-मटेरी, बहादुरपुर-जल्पा सडकखण्डलाई पनि क्षमता मान्न सकिन्छ। यसका साथै यहाँको वेशी, चिडीयाङ रह, भुर्लुक दि पुललाई पनि क्षमता मान्न सकिन्छ। यसैगरी यहाँ रहेको धारादेवि मा.वि, बालविकास आ.वि, चन्द्रदेवी आ.वि आदि जस्ता विद्यालयहरुलाई पनि क्षमता मान्न सकिन्छ। यसैगरी यहाँको सत्यवति मन्दिर, आकाशे देवि मन्दिर, धारादेवि मन्दिर आदि रहेको छ।

यस माथागढी गाउँपालिका वडा नं.-८, विपद्को दृष्टिले पनि जोखिमपूर्ण मानिन्छ। यस वडामा भूकम्पसँगै पहिरो, हुरीवतास, चट्याङ, खडेरी आगलागी, बाढी/खहरे, असिना तथा जनावर आतंक आदि जस्ता प्रकोपको जोखिममा रहेको छ । यस्ता जोखिममा समुदायका अन्य व्यक्ति सँग-सँगै बालबालिकाहरु, शारिरिक रुपमा फरक क्षमता भएका (अपाङ्ता), ज्येष्ठ नागरिक, दीँघ रोगी तथा सुत्केरी र गर्भवति महिलाहरुलाई समेत लक्षित गरी, विपद् पूर्व, विपद् पश्चात् क्रियाकलापहरुलाई समेत सम्बोधन गरी कार्य गर्नु आवश्यक छ । समुदायमा विपद् सँग जुध्नको लागि यस वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। यहाँ खोज तथा उद्धार, प्राथमिक उपचार, शिविर समन्वय र शिविर व्यवस्थापन, बन्दोबस्ती व्यवस्थापन, आपत्कालीन खानेपानी, सरसफाइ र स्वच्छता जस्ता कार्यदलहरु गठन गरी जोखिम न्यूनीकरणका कामहरु गर्नु पर्ने देखिन्छ । जसले समुदायको विपद् सँग सामना गर्न सक्ने क्षमता बढाउन मद्धत पुऱ्याउंछ । विपद् जोखिम न्यूनीकरणका लागि यस वडाको वडा स्तरीय विपद् व्यवस्थापन समिति र गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिले जिल्लास्तरीय विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गरी जोखिम न्यूनीकरणकालाई प्रयासहरू तिव्र रुपमा गर्नुपर्ने देखिन्छ । विपद् पूर्वतयारीका क्रियाकलापलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गरी विपद् जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन सकेमा जनधनको क्षति कम गर्न सकिन्छ। साथै प्रकोपहरुसँग जुध्नको लागि मानविय, आर्थिक, भौतिक श्रोत साधनको विकास गरी यस माथागढी गाउँपालिका वडा नं.-८ लाई विपद् उत्थानशील वडाको रुपमा स्थापीत गर्नु जरुरी देखिन्छ।

# खण्ड - २ : प्रकोप सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

## २.१ प्रकोप पहिचान, नक्साङ्कन तथा स्तरीकरण :

माथागढी गाउँपालिका वडा नं.-८, भित्र हुन तथा समुदायमा विगतमा भएका र भविष्यमा आइपर्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना र जनधनको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोपको सूची तयार गरी वडा स्तरीय विपद् व्यवस्थापन समिति वडा अध्यक्ष, जनप्रतिनिधीहरु स्थानीय बुद्धी जीविहरू, ज्येष्ठ नागरिक, स्थानीय संघ संस्थाका प्रतिनीधि तथा सरोकारवालाहरूको सहभागितामा के-कस्ता प्रकोपहरू छन् र त्यसमध्ये कुन प्रकोप मुख्य समस्याको रूपमा रहेको छ भनेर जोडी तुलना विधिबाट वडाको स्तरीकरण गरिएको थियो । जुन यस प्रकार रहेको छ :

| प्रकोप | भूकम्प | पहिरो | हुरीवतास | चट्याङ | खडेरी | आगलागी | बाढी /खहरे | असिना | जनावर आतंक |
|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | × | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प |
| पहिरो | × | × | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| हुरीवतास | × | × | × | हुरीवतास | हुरीवतास | हुरीवतास | हुरीवतास | हुरीवतास | हुरीवतास |
| चट्याङ | × | × | × | × | चट्याङ | चट्याङ | चट्याङ | चट्याङ | चट्याङ |
| खडेरी | × | × | × | × | × | खडेरी | खडेरी | खडेरी | खडेरी |
| आगलागी | × | × | × | × | × | × | आगलागी | आगलागी | आगलागी |
| बाढी /खहरे | × | × | × | × | × | × | × | बाढी /खहरे | बाढी /खहरे |
| असिना | × | × | × | × | × | × | × | × | असिना |
| जनावर आतंक | × | × | × | × | × | × | × | × | × |
| अंकभार | ८ | ७ | ६ | ५ | ४ | ३ | २ | १ | ० |
| स्तर | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौ | छैठौं | सातौं | आठौं | नवौं |

**नोट** : नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखी योजना तर्जुमा गरीएको छ ।

यस माथागढी गाउँपालिका वडा नं.- ८, मा गरिएको स्तरीकरण अनुसार भूकम्प पहिलो, पहिरो दोस्रो, हुरीवतास तेस्रो, चट्याङ चौथो, खडेरी पाचौं, आगलागी छैठौं, बाढी/खहरे सातौं, असिना आठौं तथा नवौं स्थानमा जनावर आतंक रहेको छ । यस वडामा सबैभन्दा बढी क्षति भूकम्पबाट हुन सक्ने तथा पहिरो, हुरीवतासले उच्च प्रभाव पार्ने देखिन्छ भने चट्याङ, खडेरी, आगलागीले मध्यम प्रभाव पार्न सक्ने देखिन्छ । त्यसैगरी बाढी/खहरे, असिना, तथा जनावर आतंकले न्यून प्रभाव पार्ने देखिन्छ । यसैगरी यस वडामा पानीका मुहानहरु सुक्दै जाने गरेको, पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्याधिक पर्ने गरेको, बेमौसमी असिनाहरु पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायु जन्य समस्या देखिएको छ ।

## २.२ सङ्कटासन्नता स्तरीकरण

### २.२.१ ऐतिहासिक समयरेखा विश्लेषण फारम (विगत ३० वर्षको विवरण लिने)

यस माथागढी गाउँपालिका वडा नं.-८, मा विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिन्छ । यस विधिको प्रयोग गर्दा विशेष गरी ज्येष्ठ नागरिकसँग छलफल गर्नु पर्दछ । यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गर्न सकिन्छ र विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप र कार्य समय निर्धारण गर्ने आधार बनाउन सहज हुन्छ ।

माथागढी गाउँपालिका वडा नं.-८

| विपद् | साल र महिना | स्थान | मानवीय क्षति | | प्रभावित परिवार वा घरधुरी | भौतिक क्षति | | आर्थिक क्षति रुपैयामा | प्राकृतिक क्षति (खेती योग्य भूमी वन) | सामाजिक क्षति | उक्त विपद् जोखिमले भविश्यमा पर्न सक्ने असर | सूचना पुष्ट्याइको विधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | घाईते | | घर | अन्य | | | | | |
| **भूकम्प** | २०७२ | | | | ३५घर प्रभावित | ३५ आंशिक क्षति, ८ घर पुर्ण क्षति | विद्यालय, धारादेवी, वडा कार्यालय | | पानीको मुहान सुकेको, खडेरी परेको | | | |
| **बाढी** | २०७१ | किउ खोला | १ जना | | | | | | | | | |
| **चट्याङ** | २० वर्ष अघि | टोकलदी बहादुरपुर | २ जना | २ जना | घरमा आगलागी | | लत्ता कपडा सबै क्षति | | | | | |
| **आगलागी** | २०६९ | वेतिनी | १ जना | | १ घर | | | | | | | |
| **असिना** | २०७१ | सांध खोला | २ जना | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जनावर आतंक (भालु)** | २०७२ | चरङ्गे | | १ जना | | | | | | | | |
| **भिरबाट लडेर** | २०६८ | दुलसिंह गौडा | | | | | १ | | | | | |
| **माटोले पुरिएर** | २०७० | बहादुरपुर गेजाडाँडा | | | | | | | | | | |
| **रुखबाट लडेर** | २०५२ | बेसी सुन्तले | १ जना | | | | | | | | | |

ऐतिहासिक समय रेखाको सूचनालाई हेर्ने हो भने भूकम्पले विगतका वर्षहरूमा सामान्य मात्र क्षति गरेको भएता पनि पछिल्लो पटक २०७२ सालको भूकम्पले यस वडामा खासै क्षति भएको देखिदैन् । त्यसैगरी विगतको ईतिहासमा बाढी, चट्याङ, आगलागी, असिना तथा जनावर आतंकका कारण पनि क्षति भएको देखिन्छ ।

## २.२.२. प्रकोप, मौसमी तथा बालीपात्रो :

यस माथागढी गाउँपालिका वडा नं.-८, मा कुन समयमा कुन प्रकोप हुन्छ भनेर पत्ता लगाई त्यसको समयरेखा तयार गरिएको छ। जलवायु परिवर्तनका दृष्टिले पनि पछिल्ला ३० वर्ष प्रकोपको समय र महिनाहरु के-कस्तो फरक तथा परिवर्तन देखियो भन्नका लागि पनि समुदाय तथा विपद् व्यवस्थापन समिति सँग छलफल गरी तालिकामा जोखिम महिनाहरुलाई रङ लगाएर संकेत गरिएको छ।

### २.१ प्रकोप पात्रो :

| प्रकोप | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | पहिले (३० वर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| पहिरो | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हुरीवतास | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चट्याङ | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बाढीखहरे | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जनावर आतंक | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

माथि दिईएको प्रकोप पात्रोमा ३० वर्ष अघि प्रकोप आउने समय र अहिले प्रकोप आउने समयको बारेमा उल्लेख गरीएको छ। यस प्रकोप पात्रो अनुसार भूकम्पको जोखिम ३० वर्ष अघि र अहिले पनि बाह्रै महिना हुने जोखिम हुने गरेको देखिन्छ भने अन्य प्रकोपहरु पनि पहिले र अहिले हुने समयमा खासै परिवर्तन आएको देखिदैन्।

## २.२ मौसमी पात्रो :

| विवरण | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले(३०बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| तुसारो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउँ पर्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

समुदायले पहिचान गरेको मौसमी पात्रो अनुसार, ३० वर्ष पहिले र अहिले मनसुन वर्षा, हिउँदे वर्षा, गर्मी, जाडो, असिना, तुसारो, हिँउ पर्ने आदिको समयमा खासै परिवर्तन आएको देखिदैन् ।

## २.३ बाली र वनस्पति पात्रो :

बाली र वनस्पति पात्रो तयार गर्दा समुदायको प्रमुख ३ वाली वा वनस्पतिसँग सम्बन्धित विभिन्न क्रियाकलापहरु कुन-कुन समयमा गरिन्छ भनी पत्ता लगाउन निम्न बमोजिमको तालिका प्रयोग गर्न सकिन्छ ।

| विवरण | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको वीउ लगाउने | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान रोप्ने | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| विरुवाको फूल र फल लाग्ने समय | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ छर्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| तेजपत्ता | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

प्रकोप पात्रो, मौसमी पात्रो तथा बाली पात्रो अनुसार विगतका ३० वर्ष देखि हाल सम्मको अवस्था हेर्ने हो भने सामान्य रुपमा गर्मी बढ्दै गएको पानी पर्ने क्रम पनि कम हुदै गएको तथा मनसुन वर्षा र हिउँदे वर्षा पनि केही पछाडी हुने गरेको तथा बालि नाली लगाउने समय पनि केही पछाडी धकेलिदै गएको जस्ता जानकारी समुदाय स्तरबाट आउने गरेको देखिन्छ जसवाट यहाँका समुदायले जलवायु परिर्वतन तथा जलवायु जन्य समस्या पनि भोग्दै गएका छन् भन्ने पनि प्रष्ट हुन्छ ।


## २.२.३. वडाको सङ्कटासन्नता स्तरीकरण :

यस वडामा विगतमा के-कस्ता प्रकोपका घटना भएका थिए, तिनको सूची तयार गरी त्यसबाट भएको क्षतिको विवरण तयार गरी प्राप्त सूचनाको विश्लेषणबाट कुन वडाको कुन वस्ती कुन प्रकोपका कारण कुन स्तरमा सङ्कटासन्न छ भन्ने पत्ता लाग्नेछ । यसै आधारमा विभिन्न प्रकोपका दृष्टिले समुदाय, वडा र त्यसका कति घरपरिवार सङ्कटासन्न छन् भने र स्तरीकरण गरीएको छ ।

| वडा नं. | प्रकोपको सन्दर्भमा | गाउँ तथा टोल | उच्च सङ्कटासन्न | मध्यम सङ्कटासन्न | न्यून सङ्कटासन्न | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|---|---|
| माथागढी गाउँपालिका वडा न.-८ | पहिरो | | बाहुनडाँडा, किहुँ डाँडा-३० घर | | | |
| | | | टोकलदी -१८ घर | | | |
| | | | जल्पा बहादुरपुर मोटरबाटो ताकातुङ्ग | | | |
| | | | किहुँडाँडा खानेपानी, ढाक्रेघाट खानेपानी मुहान | | | |
| | | | भुल्खे खोला मुहान, चनेदी मुहान टोकलदी | | | |
| | बाढी | | चरङगे, खानेपानी मुहान मुलाबारी खानेपानी | | | |

## २.३ प्रकोप विश्लेषण

### २.३.१ सामाजिक स्रोत नक्साङ्कन



## २.३.२. लक्षित समूह छलफल :

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोगबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन वा परीक्षण र छुटेका विषय पत्ता लगाउन समुदायको सानो समूहमा छलफल गर्नु नै लक्षित समूह छलफल हो । समुदायका महिला, बालबालिका, सीमान्तीकृत वर्ग, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजातिर अलपसंख्यकसमेत सबै वर्गलाई समेटेर यसप्रकारको छलफल गरीएको छ । यस्तो छलफलमा सबै सहभागीलाई समान रूपले आफ्ना विचार र भनाइ राख्न प्रोत्साहित गर्नुपर्छ । विपद् तथा जलवायु परिवर्तनका कारण त्यस वडाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा, वन तथा जैबिक विविधता, जलवायु जन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य आदि क्षेत्रहरुमा ३० बर्ष पहिले र हाल महसुस गरिएका असर तथा प्रभाव एबं भविष्यको अनुमानका बारेमा छलफल गरि निम्नअनुसारको ढाँचामा सूचीकृत गरिएको छ :

गाउँपालिका : माथागढी वडा नं.- ८ समुदाय :

| क्र. सं. | समस्या | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | **विपद् र विपद्का सवाल** | भूकम्प, पहिरो, हुरीवतास, चट्याङ, खडेरी, आगलागी, बाढीखहरे, असिना जनावर आतंक आदिले बढी प्रभाव पारेको थियो | पहिलेको तुलनामा अहिले मानिसमा चेतनको विकास भएको | प्रयाप्त ज्ञानको अभाव, वनजङ्गल फडानी गर्ने जनसंख्या वृद्धि | जनचेतनाको कमी, बर्षादको कारण, जलवायु परीवर्तन | जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन गर्ने, वृक्षारोपण गर्ने | |
| २ | **जीविकोपार्जन तथा खाद्य सुरक्षा (जस्तैः उत्पादन बढ्नु वा घट्नु, कृषि प्रणाली वा प्रक्रियामा आएको फरक, स्थानीय प्रजाति हराउनु वा नयाँ प्रजाति प्रयोगमा आउने)** | पहिलेका समुदाय प्रायः कृषिमा आधारीत, जनचेतनाको अभाव, खाद्यान्नको कमी | मानिसहरु शिक्षित भएकाले चेतनामा वृद्धि भएको, अहिले कृषि, जागिर, बैदेशिक रोजगार, विभिन्न व्यवसायमा आधारीत, विभिन्न तालिमहरु प्राप्त भएको | शिक्षा, जनचेतनामा वृद्धि | आधुनिक कृषि प्रणाली, आधुनिक बिउबिजन, पशुपालन तथा अन्य पेशामा आधारीत | स्वदेशमा नै रोजगारीको व्यवस्था गर्ने, कृषिमा आधुनिककी करणका लागि तालिमको व्यवस्था गर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | **मानव स्वास्थ्य, खानेपानी, सरसफाइ तथा महामारी** | मानव स्वास्थ्य अवस्था राम्रो नभएको, खानेपानीको अवस्था त्यती राम्रो नभएको, सरसफाइको अवस्था पनि न्युन रहेकाले महामारीको वृद्धि भएको, धामी झांक्रीमा विश्वास | मानव स्वास्थ्य अवस्थामा सुधार भएको, खानेपानीको अवस्था राम्रो भएको, सरसफाइको अवस्थामा सुधार आएको, धामी झांक्रीमा विश्वास नगर्ने | शिक्षा तथा आधारभूत स्वास्थ्य सेवाको उपलब्धता, शिक्षा तथा जनचेतनाको कारण सरसफाइको अवस्थामा सुधार भएको | अन्ध विश्वास, रुढीवादी परम्पराको पालना नगर्ने, पानी शुद्धिकरणमा गरी पिउने | शिक्षा, स्वास्थ्य तथा खानेपानीमा सबैको पहुँच पुऱ्याउने, पानीको मुहानको सरसफाइ र शुद्धिकरण बारे ज्ञान दिने, खानेपानीको मुहानको खोजी गर्ने | |
| ४ | **वन तथा जैविक विविधता (जस्तैः वा नयाँ प्रजाति देखा पर्नु, कुनै प्रजाति लोप हुनु)** | धना जङ्गल, जनावर तथा पशुपन्छी र जडिबुटीको सँख्या प्रशस्त हुन्थ्यो | वनजङ्गल फडानी गरीएको, जङ्गली जीवजन्तु लोप हुदै गएको, जडिबुटीको कमी, बाढी पहिरो बढ्दै गएको | वनजङ्गलको फडानी गरी बस्तीनिर्माण, जनसँख्या वृद्धि, जनचेतनाको कमी, बसाईसराइ, वातावरण प्रदुषण | जनसँख्या वृद्धि, वनजङ्गल फडानी | वृक्षारोपण गर्ने जङ्गलको सही सदुपयोग गर्ने,बृहत रुपमा जन चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने | |
| ५ | **जलश्रोत तथा उर्जा (जस्तैः पानीका मुहानहरु सुक्ने वा नयाँ श्रोतहरु देखा पर्नु)** | प्रशस्त मात्रामा पानीका मुहानहरु, पोखरी, खोलानाला भएको, काठ दाउराको अत्याधिक प्रयोग | पानीका मुहानहरु सुक्दै जानु, विभिन्न जेनेरेटर तथा विद्युत शक्तिको वृद्धि भएको, LP gas, गोबर ग्यासको अत्याधिक प्रयोग | वनजङ्गलको फडानी तथा डढेलो लगाउनाले | भूकम्पका कारण पानीका मुहानहरु सुक्नु | वृक्षारोपण गर्ने, पानीका मुहानहरु तथा वनजङगलको सँरक्षण तथा सम्बर्धन गर्ने, | |

विपद् तथा जलवायु परिवर्तनका कारण यस वडाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलवायु जन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य आदि क्षेत्रहरुमा ३० बर्ष पहिले र हाल महसुस गरिएका असर तथा प्रभाव पछिल्लो समयमा बढ्दै गएको देखिन्छ । जीविकोपार्जनको लागि ३० वर्ष पहिले अधिकांश समुदाय कृषि पेशमा आश्रीत रहेने गरेको स्थानीय जातका धान मकै, गहुं आदि उत्पादन हुने गरेको हालका दिनमा कृषि तथा पशुपालनको व्यवसायीक उत्पादन बढ्न गएको तर कृषिमा राशायानीक मलहरुको बढी प्रयोग हुन थालेको, व्यवसायीक रुपमा नै तरकारी खेती हुने गरेको तथा राशायानीक मल तथा विषादीको प्रयोग बढ्न थालेको, फलफुलमा किराबढी लाग्ने कुहीन थालेको, धान, मकै, गहुँमा पोके तथा किरा लाग्ने गरेको तथा जङ्गली जीवजन्तु लोप हुदै गएको जस्ता समस्याहरु देखिएको छ ३० वर्ष पहिले तथा हालको अवस्थाहरु हेर्दा यहाँको समुदायमा जलवायु जन्य समस्याहरु बढ्दै गएको देखिन्छ ।

## २.३.३. जोखिम र समस्या विश्लेषण

यस वडा भित्र हुने प्रकोप, त्यसको कारण र प्रभावको पहिचान गर्नु पर्छ। यसको लागि माथि उल्लिखित सबै खालका प्रकोप, जोखिमको पहिचान, प्रकोप हुने महिना र ऐतिहासिक समयरेखाको आधारमा प्रकोपको आवृत्ति र त्यसको मूल कारण तथा सम्भावित समाधानका उपायहरु के-के हुनभनेर पहिचान गरेर तल प्रस्तुत गरिएको छ :

माथागढी : गाउँपालिका वडा नं.: ८

| क्र.सं. | समस्या वा प्रकोप | गाउँ तथा टोल | कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|---|---|
| १ | भूकम्प | | भौगोलिक तथा भौगर्भिक कारण | कमजोर भौगोलिक संरचना | भौतिक संरचनाहरू विद्यालय तथा सार्वजनिक सम्पत्तिमा क्षति तथा असर<br>सुख्खा पहिरो जाने<br>खानेपानीको अभाव सृर्जना<br>मानिसको मृत्यु हुने तथा घाईते हुने<br>महामारी फैलने<br>बालीनाली र तथा खोतीयोग्य जमिन | भूकम्प सम्बन्धी जनचेतना फैलाउने<br>घरघरमा झटपट झोलाको बन्दोबस्त गर्ने<br>भवन निर्माण आचारसंहिता अनुसार भौतिक संरचनाहरूको निर्माण गर्ने<br>समुदायमा खोज तथा उद्धार गर्न सक्ने जनशक्ति तथा सामग्री तयार गर्ने<br>सुरक्षित स्थानको पहिचान तथा व्यवस्था गर्ने<br>समुदायमै प्राथमिक उपचार सम्बन्धी ज्ञान दिने |
| २ | पहिरो | | वजङ्गल विनाश<br>अत्यधिक वर्षा<br>अव्यवस्थित सडक निर्माण | भूकम्पका कारण जमिन कमजोर हुनु<br>भिरालो जमिन<br>परम्परागत खेती प्रणाली | मानिस घाइते हुने तथा मृत्यु समेत हुने<br>घर तथा सार्वजनिक सम्पत्तिहरूको नोक्सानी र क्षति | जोखिम स्थान पहिचान गर्ने<br>वन विनाश रोक्ने<br>खुल्ला जमिनमा वृक्षा रोपण गर्ने<br>पहिले नै पहिरो गएको स्थानमा तारजाली भर्ने तथा वृक्षा रोपण गर्ने |
| ३ | हुरीवतास | | मौसमी कारण<br>प्राकृतिक कारण | सुख्खा खडेरी हुनु<br>जलवायु परिवर्तन हुनु | टिनका जस्ता तथा टहरा उडाइदिने<br>बिजुलीको पोल ढाल्ने तथा तारहरु चुडने<br>रुखको हाँगा भाच्ने र ढाल्ने | टिनका जस्ताहरु बलियो बनाउने तथा किल्ला ठोक्ने<br>खम्बाहरु बलियो गरी गाडनुपर्ने तथा तारहरु बलियो गरी बाध्ने<br>अग्ला रुखहरु काट छाट गर्ने<br>हुरीवतास चलेको वेला |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | विजुलीको स्विच अफ गर्ने |
| ४ | **चट्याङ** | | • धरातलीय बनावट<br>• अत्याधिक मात्रामा इलेक्ट्रोन र प्रोटोनहरु बादलमा जम्मा भई विद्युत शक्ति उत्पन्न हुनाले | • मौसमी कारण<br>• कमजोर विद्युतिय संरचना<br>• घर तथा भवनहरूमा कमजोर वायरीङ् नहुनु | • मानिस घाईते हुने तथा मृत्यु समेत सक्ने<br>• पशु पक्षिंमा असर<br>• कृषि बालीनालीमा असर<br>• विद्युतिय संरचनामा क्षति<br>• आगलागी समेत हुन सक्ने | • चट्याङ्का समयमा ठूला रूख तथा विद्युतिय टावरको नजिक नबस्ने<br>• घर तथा भवनहरूमा वाईरिङ् गर्ने<br>• चट्याङ्का समयमा खुल्ला स्थान खाली खुट्टा नबस्ने तथा पौडी खेल्ने खोला तर्ने जस्ता काम नगर्ने |
| ५ | **खडेरी** | | • जलवायु परिवर्तन | • वनजंगल मासिनाले<br>• जलवायु परिवर्तनको कारणले<br>• पानीका मुहानहरुको संरक्षण नहुनाले | • बालीनालीमा असर परि खाद्यान्न उत्पादन घटेको<br>• कृषि उत्पादन घटेर कृषिमा निर्भर कृषकको जीवनस्तर घटेको<br>• सर्वसाधारण कृषिबाट विमुख हुँदै गएको<br>• विभिन्न रोगकिराहरु, पशुरोगहरु, मान्छेमा लाग्ने रोगहरुको प्रकोप बढेको<br>• पिउने पानीको अभाव भएको | • कम पानी चाहिने बाली नालीको प्रवर्धन गर्ने<br>• शून्य खनजोत प्रणालीको प्रवर्धन गर्ने<br>• वनजंगल संरक्षण गर्ने<br>• खुल्ला स्थानहरुमा वृक्षारोपण गर्ने<br>• पानीका मुहानहरुको संरक्षण गर्ने<br>• आकाशे पानी संकलन गर्ने<br>• खडेरीका कारण बालीनालीमा लाग्ने रोगकिरा, पशुरोग, मान्छेमा लाग्ने रोग, आगालागी आदीको सम्भावना बढ्ने हुनाले नियन्त्रणको लागि आवश्यक उपाय अवलम्बन गर्ने |
| ६ | **आगलागी** | | • चट्याङका कारण<br>• ग्यास तथा सिलिण्डरको प्रयोगमा सावधानी नअपनाउनाले | • आगो जथाभाबी फाल्नु<br>• बालबालिकाको नजिक आगो जन्य पदार्थ राख्नाले | • मानिसको मृत्यु हुने तथा घाईते हुने<br>• आर्थिक तथा भौतिक संरचना र पशु चौपायाको समेत क्षती हुने<br>• मानव बस्ती | • आगोको प्रगोग गरी सकेपछि तत्काल निभाउने<br>• हुरीवतासको समयमा खुल्ला ठाउँमा आगोको प्रयोग नगर्ने<br>• बालबालिकाले भेट्ने ठाउँमा ज्वलनशिल पदार्थ नराख्ने |

| | | | | | विनाश | |
|---|---|---|---|---|---|---|

## २.४. वडाको क्षमता विश्लेषण :

यस माथागढी गाउँपालिका वडा नं.-८, मा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ । यसले गर्दा समुदायलाई विपद्सँग सामना गर्ने क्षमता विकासमा सहयोग गर्नेछ । यस विपद् व्यवस्थापन समितिलाई विपद् सम्बन्धी विभिन्न तालिमहरु प्रदान गरी तिनिहरुको ज्ञान, सिप र क्षमताको विकास गर्नु जरुरी छ ।

यस माथागढी गाउँपालिका वडा नं.-८, मा कार्यरत वडा कार्यालय, बहादुरपुर स्वास्थ्य चौकी, जनविकास स्वावलम्बन ऋण सहकारी, सत्यवती ग्रामिण विकास समाज, माहिला समन्वय समिति, वन उपभोक्ता समिति, बाटो निर्माण समिति, अतिरिक्त हुलाक कार्यालय, सुहारा, कृषि पशुपंक्षी समुह, टोल विकास संस्था, सत्यवती मन्दिर संरक्षण समिति, रेडक्रस सोसाइटी, समाज उत्थान सहयोग केन्द्र (देविनगर), बाजिराहा संस्था, सहायतामा युनेरुको एसोसियसन, जापान, सत्यवती ग्रामिण विकास समाज, बाल सरोकार मञ्च, ओम माइक्रो फाइनानस् आदि सम्पूर्णलाई क्षमता मान्न सकिन्छ । जसले विपद् सम्बन्धी जनचेतना प्रवाह गर्नुका साथै खेलकुद, मनोरञ्जन सम्बन्धी जनचेतना प्रवाह गर्न मद्धत पुऱ्याउछ ।

यस वडाको बहादुरपुर ताकातुङ्ग-किहुँडाँडा, बहादुरपुर-मटेरी, बहादुरपुर-जल्पा सडकखण्डलाई पनि क्षमता मान्न सकिन्छ । यसका साथै यहाँको वेशी, चिडीयाङ रह, भुर्लुक दि पुललाई पनि क्षमता मान्न सकिन्छ । यसैगरी यहाँ रहेको धारादेवि मा.वि, बालविकास आ.वि, चन्द्रदेवी आ.वि आदि जस्ता विद्यालयहरुलाई पनि क्षमता मान्न सकिन्छ । यसैगरी यहाँको सत्यवति मन्दिर, आकाशे देवि मन्दिर, धारादेवि मन्दिर आदि रहेको छ जसलाई पनि क्षमता मान्न सकिन्छ ।

यसका साथै विपद् व्यवस्थापन समितिलाई सक्षम बनाउनका लागि आपत्कालिन कोषको स्थापना गरी त्यसको बढावा गर्न सके विपद् व्यवस्थापन समितिको क्षमता बढ्ने देखिन्छ । यस माथागढी गाउँपालिका वडा नं.-८, मा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारीसंघ संस्थाहरू जसले यस क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र समुदायको क्षमता वढाउने कामहरू गरिरहेका छन् । यस वडामा रहेको विभिन्न राजनीतिक दल तथा समुहहरू, आमा समुह, महिला समुह, विभिन्न बचत समुह तथा कृषि समुहहरू, वडा भित्रका युवा तथा बाल क्लवहरूलाई यस वडाको क्षमता मान्न सकिन्छ । यसै गरी यस वडामा रहेका शिक्षक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत समुदाय पनि छन् जसको ज्ञान तथा सिप विपद् व्यवस्थापनमा प्रयोग हुन सक्छ । यस वडामा भएको सडकलाई क्षमता मान्न सकिन्छ, जुन सडक अन्य समय सँगै आपत्कालिन समयका लागि प्रयोग गर्न सकिन्छ । यस वडामा भएका सहायक सडक तथा बाटोहरु पनि मर्मत गर्नु पर्ने देखिन्छ । यसका साथै वडा भित्रका विद्यालय तथा खुल्ला क्षेत्रहरू पानीको स्रोत तथा मुहानलाई क्षमता मान्न सकिन्छ । विभिन्न क्षेत्रहरू पहुँचवाला समुदायका व्यक्तिहरू यस वडाका क्षमता हुन् । यस वडामा रहेका सिकर्मी तथा डकर्मीहरूले स्थानीय सीप र आफ्नै क्षमता र दक्षताको आधारमा काम गर्ने गरेका छन् उनीहरूमा भूकम्प प्रतिरोधी सँरचना निर्माण गर्ने सीप तथा क्षमताको विकास गर्नु पर्ने देखिन्छ ।

## २.४.१ स्रोतको उपलब्धता तथा पहुँच :

| विवरण | नाम र रहेको स्थान (कहाँ) | सङ्ख्या (कति) | क्षमता | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| **भौतिक स्रोत** | | | | | |
| पुल | वेशी, चिडीयाङ रह, भुर्लुक दि | ३ वटा | | झोलुङ्गे | |
| सडक | बहादुरपुर ताकातुङ्ग-न्युडाँडा, बहादुरपुर -मटेरी, बहादुरपुर -जल्पा | ३ वटा | | | |
| बाँध | | | | | |
| विद्यालय भवन | धारादेवी मा.वि, बालविकास आ.वि, चन्द्रदेवि आ.वि | ३ वटा | | | |
| सुरक्षित आवास तथा स्थान | | २ वटा | | | |
| सामुदायिक चर्पी | | | | | |
| मदरसा | | | | | |
| सञ्चारका साधन | बहादुरपुर अतिरिक्त हुलाक | १ वटा | | | |
| यातायतका साधन | | | | | |
| पूर्वसूचना प्रणाली | | | | | |
| लाइफ ज्याकेट | | | | | |
| **मानव संसाधन** | | | | | |
| आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति | | | | | |
| जिल्ला विपद् प्रतिकार्यसम्बन्धी तालिम प्राप्त जनशक्ति | | | | | |
| तालिम प्राप्त पौडीबाज | | | | | |
| तालिम प्राप्त स्वयंसेवक | | १ जना | | | |
| ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता | | | | | |
| तालिम प्राप्त कृषि प्राविधिक | | १ जना | | | |
| शिक्षक | | | | | |
| कर्मचारी | | | | | |
| स्वयंसेवक | | | | | |
| सिकर्मी | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| डकर्मी | | | | | |
| सेना/ प्रहरी | | | | | |
| इन्जिनियर | | | | | |
| डाक्टर | | | | | |
| नर्स | | | | | |
| **सामाजिक स्रोत** | | | | | |
| सामुदायिक भवन | | | | | |
| पाटी पौवा | | १ वटा | | | |
| खानेपानी वितरण धारा | | ५ वटा | | | |
| मठ मन्दिर तथा गुम्वा | सत्यवति मन्दिर, आकाशे देवि मन्दिर, धारादेवि मन्दिर, | ३ वटा | | | |
| **सामाजिक संरचना** | | | | | |
| महिला/आमा /अपाङ्गता भएका व्यक्तिहरुको समूह | | ९ वटा | | | |
| आयआर्जनमा सक्रिय महिला समूह | | | | | |
| निर्णय तहमा भएका महिला | | | | | |
| शैक्षिक अवस्था (म/पु) | | | | | |
| **आर्थिक स्रोत** | | | | | |
| व्यापार व्यवसाय | | | | | |
| उद्योग कलकारखाना | | | | | |
| नोकरी | | | | | |
| बचत समूह | जनउत्थान स्वावलम्वन बचत तथा ऋण सहकारी | १ वटा | | | |
| विपद् व्यवस्थापन कोष | | | | | |
| बैंक तथा वित्तीय संस्था | वमी माइक्रो फाइनान्स | १ वटा | | | |
| **प्राकृतिक स्रोत** | | | | | |
| खेतीयोग्य भूमि | | | | | |
| अन्य (उल्लेख गर्नु पर्नेछ) | | | | | |
| निजी ताल तलैया | सत्यवती ताल | १ वटा | | | |
| प्राकृतिक धारा वा मूल | | | | | |
| कुवा, पधेरा तथा मुल | | | | | |
| नदीनाला | | | | | |
| ताल तथा पोखरी | | | | | |
| सिँचाइको साधन र स्रोत | | | | | |
| वनजङ्गल (हेक्टर वा रोपनी) | | | | | |
| खेर गइरहेको जमिन | | | | | |

## २.४.२.स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन :

यस अनुसूचीमा उल्लेख भएका सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारको प्रयोगबाट समुदायमा विपद्को सामना गर्न अपनाउने गरिएका विधिहरूको सूची तयार गरी निम्नबमोजिमको खाकामा स्थानीय ज्ञान, सीप र विधिको सूचीकरण गर्नु पर्नेछ । यसले विपद्को समना गर्न भविष्यमा अपनाउनु पर्ने विधिको पहिचान गर्नेछ जसबाट स्थानीय ज्ञान र सीपको प्रबर्द्धन गर्न सहयोग पुग्नेछ ।

| क्र. सं. | विपद्/ प्रकोपको प्रकार | विपद् भएको वर्ष/महिना | विपद् पहिले गरिएका पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि | |
|---|---|---|---|---|---|---|
| | | | व्यक्तिगत रूपमा | सामुहिक रूपमा | व्यक्तिगत रूपमा | सामुहिक रूपमा |
| १ | **भूकम्प** | | ➢ बलियो भौतिक संरचनाको निर्माण गर्ने<br>➢ मापदण्ड विपरित घर निर्माण नगर्ने | ➢ झटपट झोलाको तयारी गर्ने<br>➢ सुरक्षित स्थानको पहिचान गर्ने<br>➢ अस्थायी प्रकृतिका आवासहरु निर्माण गर्ने | ➢ भूकम्पले भत्किएका भग्नावशेष सफा गर्ने<br>➢ जोखिम न्युनिकरणमा उद्धार र सहयोग<br>➢ सुरक्षित स्थानमा स्थानतरण गर्ने | ➢ सामानहरुको उद्धार र खोजी गर्ने<br>➢ घाइतेहरुको उपचारका लागि पहल गर्ने<br>➢ सुरक्षित स्थानको पहिचान गरि घाइतेहरुलाई व्यवस्थापन गर्ने |
| २ | **पहिरो** | असार, साउन र भदौ | ➢ घरको वरिपरि रुख विरुवा लगाउने<br>➢ पर्खाल लगाउने | ➢ पहिरोको जोखिम पहिचान गरि तारजाली तथा पर्खाल लगाउने<br>➢ स्थानीय तथा समुदाय जनचेतना दिने | ➢ खोज उद्धार गर्ने<br>➢ घाइतेलाई प्रथामिक उपचार गर्ने<br>➢ अस्थायी सुरक्षित स्थानमा राख्ने | ➢ अस्थायी टहरा निर्माण गर्ने<br>➢ खाद्यान्नको व्यवस्था गर्ने<br>➢ गम्भिर घाइतेहरुलाई उपचारका निम्ति व्यवस्था मिलाउने |
| ३ | **हुरीवतास** | वैशाख, जेठ र चैत | ➢ साना साना छाना भएका वलिया घर निर्माण गर्ने<br>➢ डाडाँ र खुल्ला स्थानमा घर निर्माण नर्गन जनचेतना | ➢ बलिया घरहरु<br>➢ बनाउने<br>➢ ठूला-ठूला रुख नजिक घरहरु निर्माण नगर्ने<br>➢ सुरक्षित स्थानमा पहिचान गरि आवसको निर्माण गर्ने | ➢ हावाहुरी लागेपछि खोज तथा उद्धारका लागि सहयोग गर्ने<br>➢ घाइते समुहलाई प्रथामिक | ➢ सुरक्षित स्थानमा स्थान्तरण गर्ने<br>➢ घाइतेहरुलाई उपचारका लागि पहल गर्ने<br>➢ अस्थायी टहरा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | फैलाउने | | उपचार गर्ने | निर्माण गर्ने |
| ४ | **चट्याङ** | | ➢ चट्याङ सम्वन्धी जनचेतना फैलाउने<br>➢ साइरनको व्यवस्था गर्ने<br>➢ अर्थिङको व्यवस्था गर्ने<br>➢ घरको वरिवरि विधुतीय पोल नराख्ने | ➢ जनचेतना<br>➢ मुलक कार्यक्रमहरु सञ्चालन गर्ने<br>➢ चट्याङ सम्भावित क्षेत्रमा सुरक्षाका उपायहरु अवलम्वन गर्ने<br>➢ विद्युतीय तारलाई व्यवस्थित गर्ने | ➢ घाइतेहरुलाई उद्धार तथा खोजी गर्ने<br>➢ घाइतेहरुलाई प्रथामिक उपचार गर्ने | ➢ गम्भीर घाइतेलाई उपचारका लागि अस्पताल पुऱ्याउने<br>➢ तत्काल राहत संकलन गरी वितरण गर्ने<br>➢ अस्थायी वसोवासको व्यवस्था मिलाउने |
| ५ | **खडेरी** | | ➢ वन विनाश नियन्त्रण तथा वृक्षारोपण गर्ने | ➢ भूकम्पका कारण सुकेका पानीका मुहान संरक्षण गर्ने<br>➢ पानीको जोहो गरी राख्ने | ➢ पानीको जोहो गर्ने<br>➢ बोटबिरुवाको संरक्षण गर्ने | ➢ थोपा सिंचाई गर्ने<br>➢ आकाशे पानी संकलन गर्ने<br>➢ प्लाष्टिक पोखरी निर्माण गर्ने |
| ६ | **आगलागी** | वर्षभरी | ➢ जोखिम न्युनिकरणका बारेमा सुचना तथा जानकारी दिने<br>➢ बालबालिका हरुले भेटने ठाउमा सलाई, लाइटर र अन्य ज्वलनशील वस्तु नराख्ने | ➢ जनचेतनामुलक कार्यक्रमहरु गर्ने<br>➢ हुरीवतास र खडेरी परेको समयमा आगोको व्यवस्थित गर्ने<br>➢ विद्युतीय उपकरणहरु उचित उपयोग गर्ने | ➢ आगो निभ्याउन सहयोग गर्ने<br>➢ मान्छे, अन्नवाली अन्य सम्पत्तिहरुको बचाउन सहयोग गर्ने | ➢ आगो निभाउनका लागि सामाग्रीहरुको खोजी गर्ने तथा आगो निभाउन कोशिस गर्ने<br>➢ घाइतेहरुको प्रथामिक उपचारमा सहयोग गर्ने<br>➢ सुरक्षित स्थानमा लाग्ने र अस्थायी वसोवासको व्यवस्था मिलाउने |

## २.४.३ संस्थागत विश्लेषण वा सम्बन्ध चित्र :

विपद् पूर्वको पूर्वतयारी, रोकथाम र अल्पिकरण, विपद्को समयको प्रतिकार्य र विपद् पश्चात्को पुर्नस्थापना र पुनर्निर्माण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय संस्थाहरू र अन्य मानवीय सेवा प्रदायक सङ्घसंस्था, वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र, निजी क्षेत्र आदिको उपलब्धता, पहुँच र सम्बन्धको विश्लेषण गरिन्छ । यो औजारले समुदायको सामाजिक सम्बन्ध र महत्वको मापन गर्छ । यस औजारको प्रयोगबाट समुदायले विपद् तथा जलवायु उत्थानशीलका सन्दर्भमा सामाजिक तथा सार्वजनिक निकायसम्मको पहुँच कस्तो छ भन्ने विश्लेषण गर्न सहयोग गर्दछ । सम्बन्ध चित्र तयार गर्दा सरोकारवाला निकायहरुको सम्भावित प्रभावलाई आधार मानी वृत्तलाई ठूलो सानो देखाउन सकिन्छ । आपसी सम्बन्धलाई मोटो रेखा, पातलो रेखा, एकोहोरो दोहोरो रेखाले पनि देखाउन सकिन्छ । मोटो रेखाले बलियो र पातलो रेखाले फितलो सम्बन्ध जनाउन सकिन्छ ।

| क्र. सं. | कार्यालय सङ्घसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| क | वडाभित्र | | | *विपद् पूर्व* | *विपद्को समयमा* | *विपद् पश्चात* |
| 1. | वडा कार्यालय | माथागढी गा.पा.वडा नं.-८ | | समन्वय, शिक्षा, स्वास्थ्य, यातायात र विद्युत लगायत | | |
| 2. | बहादुरपुर स्वास्थ्य चौकी | | | प्राथमिक उपचार, सामान्य स्वास्थ्योपचार गर्ने, ओ पि डि, ईमर्जेन्सि स्वास्थ्यो पचार गर्ने | स्वास्थ्य उपचार | स्वास्थ्य उपचार सम्बन्धी सहयोग |
| 3. | जनविकास स्वावलम्बन ऋण सहकारी | | | बचत तथा ऋण प्रदान | | |
| 4. | सत्यवती ग्रामिण विकास समाज | | | विभिन्न सहयोग | | |
| 5. | माहिला समन्वय समिति | | | विभिन्न सहयोग | | |
| 6. | वन उपभोक्ता समिति | | | विभिन्न सहयोग | | |
| 7. | बाटो निर्माण समिति | | | सडक निर्माण | | |
| 8. | अतिरिक्त हुलाक कार्यालय | | | सञ्चार सुविधा | | |
| 9. | सुहारा | | | विभिन्न सहयोग | | |
| 10. | कृषि पशुपंक्षी समुह | | | कृषि सम्बन्धी जनचेतना प्रवाह | | |
| 11. | टोल विकास संस्था | | | समुदायको विकास | | |
| 12. | सत्यवती मन्दिर संरक्षण समिति | | | मन्दिर संरक्षण तथा सुधार | | |
| 13. | धारादेवि मा.वि | | | विपद् सम्बन्धी | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जनचेतना प्रवाह | | |
| 14. | बालविकास आ.वि | | | विपद् सम्बन्धी जनचेतना प्रवाह | | |
| 15. | चन्द्रदेवी मा.वि | | | विपद् सम्बन्धी जनचेतना प्रवाह | | |
| 16. | रेडक्रस सोसाइटी | | | प्राथमिक उपचार | | |
| 17. | समाज उत्थान सहयोग केन्द्र (देविनगर) | | | विभिन्न सहयोग | | |
| 18. | बाजिराहा संस्था | | | विभिन्न सहयोग | | |
| 19. | सहायतामा युनेरुको एसोसियसन, जापान | | | विभिन्न सहयोग | | |
| 20. | सत्यवती ग्रामिण विकास समाज | | | विभिन्न सहयोग | | |
| 21. | बाल सरोकार मञ्च | | | बालबालिको हितमा कार्य गर्ने | | |
| 22. | ओम माइक्रो फाइनानस् | | | बचत तथा ऋण प्रदान | | |
| ख | गाउँपालिका भित्र | | | | | |
| 23. | गाउँपालिका | | | बाटो निर्माण र मर्मत, खानेपानी निर्माण र मर्मत, विद्यालय भवन निर्माण र मर्मत, तालिम तथा गोष्ठि द्वारा जनचेतना दिने, स्वास्थ्य उपचारको व्यवस्था साथै राहात र उद्दार | | |
| ग | गाउँपालिका बाहिर | | | | | |
| 24. | | | | | | |
| घ | जिल्ला बाहिर | | | | | |
| ३१ | | | | | | |

## रोटी चित्र :




**संकेत :**

| | |
|---|---|
| एकोहोरो बलियो | ⇨ |
| दोहोरो बलीयो | ⇔ |
| एकोहोरो फितलो | → |
| दोहोरो फितलो | ↔ |

## २.४.४. गतिशिलता नक्सा :

समुदायका मानिसहरूको बाहिरी सङ्घसंस्था, राजनीतिक वा प्रशासनिक पहुँच, निर्णायक तहमा भएको प्रतिनिधित्व, बाह्य समाज सँगको सम्पर्क, आवत-जावतको अवस्था विश्लेषण गर्न यो औजारको प्रयोग गरिन्छ। विपद्का समयमा र योजनाबद्ध विपद् जोखिम व्यवस्थापनका सन्दर्भमा प्राप्त गर्न सकिने सहयोगको क्षेत्र र क्षमता मापन गर्दा प्राप्त नतिजालाई निम्नअनुसार सूचीकृत गरी तलुनात्मक विश्लेषण गर्नु पर्छ :

| क्रसं | पहुँच कायम रहेका समुदायका व्यक्ति तथा समूहको नाम | पहुँच भएको निकाय वा संस्था | निकाय वा संस्थाको ठेगाना | सम्पर्क नं. | प्राप्त हुन सक्ने सहयोग |
|---|---|---|---|---|---|
| १ | दिल ब. ढेंगा | वडा अध्यक्ष | | | |
| २ | रेम ब.थापा | सदस्य | | | |
| ३ | लालीसरा ढेंगा | महिला सदस्य | | | |
| ४ | माया वि.क | दलित सदस्य | | | |
| ५ | लिला ब. जर्घा | सदस्य | | | |
| ६ | मनिराम झाँडी | पूर्व गाविस अ. | | | |
| ७ | सुख ब. ढेंगा | पूर्व गाविस अ. | | | |
| ८ | कमानसिंह बाहघरे | समाजसेवी | | | |
| ९ | बलविर राना | समाजसेवी | | | |
| १० | राजेश कुमार नेपाली | समाजसेवी | | | |
| ११ | नारायण सिंह ठाडा | समाजसेवी | | | |
| १२ | मान बहादुर पुलामी | समाजसेवी | | | |
| १३ | केशव कुमार दर्लामी | शिक्षक | | | |
| १४ | खड्क बहादुर रखाल | सहायक प्र.अ | | | |
| १५ | दिल बहादुर पुलामी | शिक्षक | | | |
| १६ | जेत्तर बहादुर राना | प्र.अ | | | |

## २.५ जोखिम पहिचान तथा विश्लेषण :

यस माथागढी गाँउपालिका वडा नं.- ८, मा जोखिम पहिचान तथा विश्लेषण सङ्कटासन्नता र क्षमता बिचको फरकलाई तुलना गरेर हेर्ने हो भने यस वडामा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा धेरै कार्यहरु गर्नुपर्ने देखिन्छ। यस वडाको प्रकोप स्तरीकरणलाई हेर्दा भूकम्पलाई प्रमुख प्रकोपको रूपमा समुदायले पहिचान गरेका छन् । त्यसैगरी समुदायले पहिचान गरेका अन्य जोखिमहरूमा पहिरो, हुरीवतास, चट्याङ, खडेरी, आगलागी, बाढीखहरे, असिना, तथा जनावर आतंक आदि रहेको छ । यी विपद्को जोखिमपूर्ण स्थानहरुको बारेमा पहिचान गरी, यसले पुऱ्याउने असर, क्षति तथा यसका समाधानको उपायका बारेमा समुदायमा जानकरी दिई यसको जोखिम न्यूनीकरण गर्न सकिन्छ।

यस माथागढी गाँउपालिका वडा नं.- ८, मा भूकम्पको जोखिम देखिनुका साथै पहिरो तथा हुरीवतासको समस्या पनि भोग्दै आएका छन् । यसैगरी यस वडामा सुख्खा खडेरीको क्रम बढ्दै गएको तथा पानीका मुहानहरु सुक्दै जाने गरेको, पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्याधिक पर्ने गरेको, बेमौसमी असिनाहरु पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायु जन्य समस्या देखिएको छ ।

यस वडामा रहेका विभिन्न सरकारी, गैर सरकारी, नीजि संघ सस्थाहरू तथा विभिन्न महिला समुह, युवा क्लव बाल क्लवहरू विद्यालयहरू आदि रहेका छन् तर ति संस्था तथा समुहहरूसँग विपद् पहिले तथा विपद्को समयमा समुदायले कसरी सहकार्य गर्न सक्छन् भन्ने कुरामा पनि समुदायमा प्रयाप्त ज्ञान हुनु जरूरी देखिन्छ । साथै वडामा रहेका विभिन्न क्षेत्र सँग पहुँच भएका राजनैतिक दल तथा सरोकारवाला, महिला स्वास्थ्य स्वंयम् सेविका, सिकर्मी, डकर्मी, तालिम प्राप्त निर्माण कर्मीहरू लगायत युवा शक्तिहरूमा विपद् सम्बन्धी पनि उचित ज्ञान सीप तथा क्षमताको विकास गरिनु जरूरी छ । यस वडामा स्तरीय विपद् व्यवस्थापन समिति तथा वडामा समुदाय स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ यस समितिलाई विपद् व्यवस्थापन सम्बन्धी निरन्तर तालिम तथा ज्ञान, सिप, क्षमताको विकास गर्नु जरुरी छ । यसैगरी यस विपद् व्यवस्थापन समितिमा विभिन्न कार्यदलहरू पूर्व सूचना तथा सञ्चार, खोज तथा उद्धार, प्राथमिक उपचार, आपत्कालिन शिविर व्यवस्थापन र खानेपानी तथा सरसफाई जस्ता कार्यदलहरूलाई विभिन्न तालिम तथा आपत्कालिन सामाग्रीको व्यवस्थापन गरी समितिको क्षमता अभिबृद्धि गर्नुपर्ने देखिन्छ । यसका साथै विपद् व्यवस्थापन समितिमा आपत्कालिन कोष समेत स्थापना गरी विपद् व्यवस्थापनमा समुदालाई सक्षम बनाउने कार्यहरू अगाडी बढाउन जरुरी छ । कुनै पनि विपद्मा पहिलो सहभागीता तथा पहुँच समुदायकै हुने हुदां यसै कुरालाई मध्य नजर गर्दै यस वडामा बहुप्रकोपसंग जुध्नको लागि मानविय, आर्थिक, भौतिक श्रोत साधनको विकास गरी माथागढी गाँउपालिका वडा नं.- ८, लाई विपद् उत्थानशिल वडाको रुपमा स्थापीत गर्नु जरुरी देखिन्छ ।

## २.५.१. जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण :

समुदाय हुँदै वडा र समग्र गाउँपालिकाको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्राप्त नतिजाको आधारमा वडामा सञ्चालन गर्नु पर्ने विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप पहिचान गरी सूचीकृत गर्दा तिनको प्राथमिकता निर्धारण गर्नु पर्नेछ । क्रियाकलाप पहिचान गर्न सुरुमा वडा स्तरमा वडा नागरिक मंचका प्रतिनीधीहरु, नागरिक सचेतना केन्द्र, सबै क्षेत्र र वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक,प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागितामा वडाका क्रियाकलापहरु पहिचान र प्राथमिकीकरण गर्ने र वडा स्तरमा प्राथमिकतामा आएका योजनाहरुलाई स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरुबीच छलफल गरी बडास्तरकको विपद् र जलवायु उत्थानशील क्रियाकलापहरुको प्राथमिकता निर्धारण गर्न सकिनेछ ।

| प्रकोप वा विपद् | वडा वा टोल | प्रमुख जोखिम | अनुकूलनका वा जोखिम न्यूनीकरणका उपायहरू | प्रभाव कारिता (१-३)(क) | खर्चको मित व्ययिता (१-३)(ख) | संभाव्यता (१-३) (ग) | लक्षित वर्गमुखी (१-३) (घ) | कुल - क+ख + ग+घ) | प्राथ मिकता नं. | स्रोतको व्यवस्था आन्तरिक | स्रोतको व्यवस्था बाह्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | माथागढी गा.पा. वडा नं.-८ | | भूकम्प प्रतिरोधात्मक घर तथा भवन निर्माणा गर्ने, पूर्वतयारीका उपायहरुको बारेमा जानकारी गराउने, सुरक्षित स्थानको पहिचान गर्ने | | | | | | | गाउँपालिका जिसस | गैर सरकारी संघसंस्था |
| पहिरो | माथागढी गा.पा. वडा नं.-८ | | बाहुनडाँडा, किहुँ डाँडा -३० घर पहिरोको उच्च जोखिममा भएकाले तारजाली तथा पर्खाल लगाउने | | | | | | | गाउँपालिका जिसस | गैर सरकारी संघसंस्था |
| पहिरो | माथागढी गा.पा. वडा नं.-८ | | टोकलादी -१८ घर पहिरोको उच्च जोखिममा भएकाले तारजाली तथा पर्खाल लगाउने | | | | | | | गाउँपालिका जिसस | गैर सरकारी संघसंस्था |
| पहिरो | माथागढी गा.पा. वडा नं.-८ | | जाल्पा बहादुरपुर मोटरबाटो ताकातुङ पहिरोको उच्च जोखिममा भएकाले तारजाली तथा पर्खाल लगाउने | | | | | | | गाउँपालिका जिसस | गैर सरकारी संघसंस्था |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पहिरो** | माथागढी गा.पा. वडा नं.-८ | | किहुँडाँडा खानेपानी, ढाडेघाट खानेपानी मुहान पहिरोको उच्च जोखिममा भएकाले तारजाली तथा पर्खाल लगाउने | | | | | | | गाउँपालिका जिसस | गैर सरकारी संघसंस्था |
| **पहिरो** | माथागढी गा.पा. वडा नं.-८ | | भुल्खे खोला मुहान, चनेदी मुहान टोकलदीमा पहिरोको उच्च जोखिममा भएकाले तारजाली तथा पर्खाल लगाउने | | | | | | | गाउँपालिका जिसस | गैर सरकारी संघसंस्था |
| **बाढी** | माथागढी गा.पा. वडा नं.-८ | | चरङगे, खानेपानी मुहान मुलाबारी खानेपानी बाढीको उच्च जोखिममा भएकाले तारजाली तथा पर्खाल लगाउने | | | | | | | गाउँपालिका जिसस | गैर सरकारी संघसंस्था |
| | माथागढी गा.पा. वडा नं.-८ | | आरुङ खोलाले वडा नं.- ७ र ८ को बिच बहादुरपुर र रहवासको बिचमा, दाँया वाँया तटबन्ध निर्माण गर्ने | | | | | | | गाउँपालिका जिसस | गैर सरकारी संघसंस्था |
| **हुरीवतास** | माथागढी गा.पा. वडा नं.-८ | | हुरीवतासको जोखिमपूर्ण स्थानमा जनचेतना फैलाउने | | | | | | | गाउँपालिका जिसस | गैर सरकारी संघसंस्था |
| **आगलागी** | माथागढी गा.पा. वडा नं.-८ | | समुदाय तथा बस्ती नजिक रहेका बिजुलीका पोल, तार तथा ठूला रूखहरूको काट छाट तथा मर्मत गर्ने | | | | | | | गाउँपालिका जिसस | गैर सरकारी संघसंस्था |

(*नोटः* **प्रभावकारिताः** कामको न्यून प्रभावकारिता देखिएमा १, कामको उच्च प्रभावकारिता देखिएमा ३, **खर्चको मितव्ययिताः** कम खर्च लाग्ने भएमा ३, बढी खर्च लाग्ने भएमा १, **सम्भाव्यताः** कार्यान्वयन गर्न सकिने भएमा ३, कार्यान्वयन गर्न कठिन भएमा १, **लक्षित बर्गमुखीः**लाभान्वित धेरै भएमा ३, लाभान्वित कम भएमा १ अंक दिइएको छ ।

